म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१६ अङ्क:- ५९ २०८१ माघ ३ गते बिहीबार 16 January 2025, Thursday - पृष्ठ ४ मूल्य रू. ५/-




## भूमि आयोग मकवानपुर अध्यक्षमा बल

समाज संवाददाता

हेटौंडाः भूमि आयोग मकवानपुरको अध्यक्षमा बलराम बल नियुक्त हुनुभएको छ। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले हेटौंडा-१ निवासी बललाई अध्यक्षमा नियुक्त गरेको हो। बल नेकपा (एमाले) बागमती प्रदेश कमिटी सदस्य हुनुहुन्छ।

सोमबार मन्त्रीस्तरीय निर्णयबाट ७१ जिल्लामा भूमि आयोगका अध्यक्ष नियुक्त गरिएको हो। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले नवनियुक्त जिल्ला अध्यक्षहरुलाई शपथग्रहण गराउनुभएको छ। पहिलो चरणमा प्राविधिक कारणले शपथग्रहण गराउन नसकेका ६ जिल्ला र ७७ वटै जिल्लाका भूमि समस्या समाधान आयोगका सदस्यहरुको सम्बन्धित प्रदेशमै शपथग्रहण कार्यक्रम आयोजना गरिने मन्त्रालयले जनाएको छ।

मन्त्री अधिकारीले अहिले गठन भएको भूमि आयोग अन्तिम आयोग हुने भन्दै आयोगको तीनवर्षे कार्यकालमा भूमि समस्या स्थायीरुपमा समाधान हुने बताउनुभयो।

भूमि र सहकारी क्षेत्रको समस्या समाधान वर्तमान सरकारको उच्च प्राथमिकतामा रहेकाले अध्यादेशमार्फत् भूमि ऐन संशोधन र सहकारी नियमन प्राधिकरण गठन गरिएको उहाँले बताउनुभयो।

# हेटौँडामा सीसी क्यामेरा न्यून, सुरक्षा चुनौति बढ्दो

समाज संवाददाता

हेटौँडा : पछिल्लो समय मकवानपुरमा सुरक्षा चुनौति बढ्दो क्रममा रहेको छ। दैनिक रुपमा चोरी तथा सवारी दुर्घटनाको जोखिम उच्च रहेको छ। संघीयता कार्यान्वयनसँगै प्रदेशको राजधानी हेटौँडाको जनघनत्व बढ्दो अवस्थामा छ। सोही अनुपातमा सवारी साधनको चाप पनि उच्च बन्दै गएको छ। साँघुरा सडक, गल्लीबाट सवारी साधनहरु गुडाउनु बाध्यात्मक परिस्थिति बनिरहेको छ।

बढ्दो सवारी चाप र शहरीकरणका कारण दूर्घटना, चोरी, लुटपाट र विभिन्न अपराधका घटनाको चुनौति बढेको प्रहरीको तथ्यांक रहेको छ। सुरक्षा चुनौतिको मध्यनजर गर्दै अनुसन्धानमा सहयोगी मानिएको सीसी क्यामेर न्यून रहँदा समस्या भएको छ। घटनाको छानविन तथा अनुसन्धानमा सार्वजनिक ठाउँमा राखिएका सीसी क्यामेरा निकै प्रभावकारी हुने प्रहरीको भनाई छ। तर, हेटौँडामा पर्याप्त मात्रामा सीसी क्यामेरा नहुँदा शान्ति सुरक्षामा चुनौती बढिरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

हेटौँडाको मुख्य सडक, चोक र राजमार्गहरुमा पर्याप्त सीसी क्यामेरा नहुँदा र भएका सीसी क्यामेरा पनि बिग्रिएका कारण शान्ति सुरक्षामा चुनौती हुने चिन्ता रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरी उपरीक्षक विश्वराज खड्काले बताउनुभयो। खड्काका अनुसार मकवानपुर जिल्लाभर सार्वजनिकस्थलमा १५९ वटा सीसी क्यामेरा रहेको छ। तर उक्त सीसी क्यामेरा मध्ये अधिकांश बन्द अवस्थामा रहेको छ। मकवानपुरका विभिन्न स्थानमा जडान भएका ७९ थान सीसी क्यामेरा बिग्रिएको प्रहरी उपरीक्षक खड्काले जानकारी दिनुभयो।

हाल ८० वटा क्यामेरा मात्रै चालु अवस्थामा रहेको प्रहरीको भनाइ छ। शान्ति सुरक्षालाई थप मजबुत बनाउनका लागि राजमार्ग क्षेत्र र बजार क्षेत्रहरुमा अझै २९ ठाउँमा एएनपिआर सीसी क्यामेरा जडान गरिनुपर्ने प्रहरी उपरीक्षक खड्काको भनाई छ। सीसी क्यामेरा अभावका कारण प्रदेशको समेत राजधानी रहेको हेटौँडामा मन्त्रालयहरु तथा भीआइपि र भिभिआइपी लगायतका आवास गृहहरु, सरकारी तथा गैरसरकारी कार्यालयहरु, औद्योगिक क्षेत्र र व्यापारिक निकायहमा सुरक्षा चुनौति देखिएको उहाँले बताउनुभयो। राजमार्ग तथा बजार क्षेत्रका चोकहरुमा सीसी क्यामेराहरु जडान गरेर सुरक्षामा प्रविधिको प्रयोगमा जोड दिनुपर्ने उहाँको भनाई छ।

प्रहरी कार्यालयको पहलबाट प्रदेश मन्त्रालय र हेटौँडा उपमहानगरपालिकाबाट सीसी क्यामेरा मर्मत र नयाँ जडानको काम गर्ने प्रतिवद्धता भने आएको तर, काम अघि बढ्न नसकेको प्रहरी उपरीक्षक खड्काले जानकारी दिनुभयो। अपराध अनुसन्धान र दूर्घटनाको निष्पक्ष छानविन गर्न र समग्र शान्ति सुरक्षालाई चुस्त दुरुस्त राख्न सीसी क्यामेरा अत्यन्तै आवश्यक रहेको उहाँको भनाई छ।

## ५ महिनामा १६ करोड बढी राजस्व संकलन

प्रहरी उपरीक्षक खड्काका अनुसार प्रहरीले चालु आर्थिक वर्ष २०८१/०८२ को ५ महिनामा विभिन्न प्रकृतिका कारबाहीबाट १६ करोड भन्दा बढी राजस्व संकलन भएको छ। सो अवधीमा अवैध मालसामान बरामद, ट्राफिक कारवाही, सुनचाँदी, नदीजन्य पदार्थ लगायत विभिन्न कारबाहीबाट १६ करोड १९ लाख ४४ हजार १९३ रुपैयाँ राजस्व संकलन भएको उनले बताए।

विभिन्न कारबाही तथा अवैध क्रियाकलाप रोकथामका लागि विशेष कार्ययोजना लागु गरेर अभियान नै सञ्चालन गरेर उक्त राजस्व संकलन गरिएको उहाँले बताउनुभयो। भौगोलिक विकटताका बावजुत सुरक्षा निकाय र स्थानीय तहबीचको समन्वयमा विपद उद्दार, अपराध अनुसन्धान, शान्ति सुरक्षा कायम, कानुनी सचेतनालगायतका कार्यहरुमा सञ्चालन भएको उहाँको भनाई छ। पछिल्लो समय साईबर अपराध, आर्थिक अपराधसँग सम्बन्धित उजुरीहरुमा वृद्धि भएको र लागूऔषधको उत्पादन, खपत, ओसारपसार, बिक्रि वितरण लगायत ट्रान्जिटको रुपमा रहेको पनि प्रहरी उपरीक्षक खड्काले बताउनुभयो।

प्रहरी उपरीक्षक खड्काका अनुसार साउनदेखि मङ्सिरसम्मको अवधिमा कपडा, खाद्यान्न, सुन, चाँदी, सवारी साधनलगायत अबैध भन्सार छलिबाट १५ करोड ३ लाख ९० हजार रुपैयाँ राजस्व संकलन गरेको छ। सबैभन्दा बढी अवैध सुन बरामदबाट १२ करोड १० लाख ९२ हजार रुपैयाँ, कपडा, खाद्यान्न र अन्य अवैध मालसामान बरामदबाट २ करोड ३६ लाख ६४ हजार रुपैयाँ, अवैध सवारी साधन बरामदबाट ७० लाख ८१ हजार रुपैयाँ, अवैध चाँदी वरामदबाट ३ लाख ६६ हजार रुपैयाँ राजस्व संकलन गरिएको उहाँले जानकारी दिनुभयो।

ट्राफिक व्यवस्थापनबाट १ करोड १४ लाख ७२ हजार रुपैया र अवैध गिट्टी बलुवा नियन्त्रणबाट ४ लाख ४१ हजार रुपैयाँ राजस्व संकलन गरिएको छ। साउनदेखि मंसिरसम्मको अवधिमा प्रहरीले ६२ लाख ९० हजार रुपैयाँ विदेशी मुद्रा बरामद गरेको उहाँको भनाई छ। सो अवधिमा ४७४ वटा विभिन्न मुद्धा दर्ता भएको र ३४६ जना मानिस पक्राउ परेको प्रहरी उपरिक्षक खड्काले बताउनुभयो। उक्त मुद्दामा ३०४ जना स्वदेशी पुरुष र २० जना पक्राउ गरिएको उहाँले बताउनुभयो। उक्त अवधिमा ८७ जना फरार प्रतिवादीलाई नियन्त्रणमा लिइएको छ।









# सम्पादकीय

## भूकम्पको जोखिम र सुरक्षा

नेपाल भूकम्पको जोखिमयुक्त देशमा पर्दछ । भूकम्प जाने सम्भावनाका आधारमा नेपाललाई विश्वको ११ औं जोखिमयुक्त देश मानिन्छ । नेपालको कमजोर भौगर्भिक अवस्था र बारम्बार भूकम्प जाने गरेका कारण भूकम्पीय जोखिमयुक्त मान्न सकिन्छ । बेलाबेलामा साना–ठूला भूकम्पका घटनाले नेपालीलाई झस्काउने गरेको भए पनि भूकम्पका कारण नेपालमा व्यापक जनधनको क्षति हुनसक्ने जोखिमलाई भने कम गर्न सकिएको छैन । भूकम्पबाट भएका र हुनसक्ने क्षतिलाई नेपालीले प्रकृतिको लीला भन्दै टुलुटुलु हेरेर बस्नुको विकल्प छैन । नेपालमा जुनसुकै बेला र जुनसुकै क्षेत्रमा विनाशकारी भूकम्प जान सक्ने जोखिम उच्च रहेकाले यसबाट हुने क्षति न्यूनीकरण गर्न पर्याप्त सुरक्षा र सचेतनाका उपाय अपनाउनुपर्ने सल्लाह विज्ञहरुले दिइरहेका छन् । भूकम्प र त्यसले निम्त्याउने क्षतिबारे चेतना जगाउन भूकम्प सुरक्षा दिवस मनाउने गरिएको छ । विसं १९९० सालको महाभूकम्पको स्मरणमा हरेक वर्ष माघ २ गते राष्ट्रिय सुरक्षा दिवस मनाइन्छ ।

यस वर्ष बुधबार २७ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवस मनाइएको छ । २०५५ सालदेखि वर्षेनि मनाउन थालिएको यो दिवसको अवसरमा “भूकम्पले सिकाएको पाठ, बलियो संरचना र सुदृढ पूर्वतयारीका साथ” भन्ने मुल नाराका साथ विभिन्न कार्यक्रम गरिएको छ । भूकम्प जाने जोखिमपूर्ण क्षेत्रमा रहेको नेपालमा भौतिक संरचनालाई भूकम्प प्रतिरोधी बनाउन नसक्दा २०७२ सालको भूकम्पमा ठूलो क्षति बेहोर्नुपरेको यथार्थ भुल्नु हुँदैन । भूकम्प कहिले, कहाँ, कत्रो आउँछ भनेर पत्ता लगाउने कुनै प्रविधि छैन । तर, भूकम्पीय जोखिमयुक्त देश भनेर पहिचान भइसकेपछि हामी नेपाली स्वयम् सावधान बन्नुपर्छ र यसका लागि वर्षेनि मनाउँदै आएको भूकम्प सुरक्षा दिवसले स्मरण गराउने काम गर्दछ । भूकम्प आफैं खतरा हुँदैन, यसबाट हुने भौतिक क्षतिले खतरा निम्त्याउने हो । भूकम्प प्रतिरोधी भौतिक संरचना निर्माण गर्नु नै भूकम्पबाट जोगिने सबैभन्दा उपयुक्त उपाय हो । भूकम्पको जोखिम बुझेर सुरक्षित हुने उपाय अपनाउन सकेमा यसबाट हुने क्षति कम गर्न सकिन्छ ।

नेपालमा १९९० सालको भूकम्पका कारण ८ हजार ५ सय १९ जनाको ज्यान लिएको थियो भने घर, विद्यालय, सार्वजनिक भवन आदि गरी झण्डै २ लाख ७ हजार ७ सय ४० संरचनाहरु ध्वस्त भएका थिए । त्यसपछि, २०४५ सालमा सिक्किम केन्द्रविन्दु भएर गएको ६.६ रेक्टर स्केलको भूकम्पले ७ सय २१ जनाको मृत्यु हुनुका साथै ६५ हजार घर भत्किएका थिए । २०७० साल असोजमा ६.८ रेक्टर स्केलको भूकम्प जाँदा ६ जनाले ज्यान गुमाएका थिए भने दर्जनौं घाइते भएका थिए । यसैगरी, २०७२ वैशाख १२ गतेको भूकम्प र त्यसपश्चात्का पराकम्पमा परेर ८ हजार ८ सय ९१ जनाको मृत्यु हुनुका साथै २२ हजार २ सय व्यक्ति घाइते भएका थिए । उक्त भूकम्पले ६ लाख ८ हजार १ सय ५५ व्यक्तिगत घर र २ हजार ६ सय ८७ सरकारी भवन पूर्ण क्षति भएको तथ्यांक छ । करिब एक वर्षअघि पश्चिम नेपालको जाजरकोट क्षेत्रका भूकम्प पीडितको अझै व्यवस्थापन हुन सकेको छैन । केही दिन अघिमात्र चीनमा केन्द्रविन्दु भएर गएको करिब ७ रेक्टर स्केलको भूकम्पले नेपालका धेरै भूभाग हल्लाएर भूकम्पको जोखिमलाई पुन: स्मरण गराएको छ ।

भूकम्पीय जोखिम उच्च रहेको भए पनि नेपालमा भूकम्प प्रतिरोधी संरचना निर्माणमा बेवास्ता गरिँदै आएको छ । बारम्बार भूकम्पले झस्काइरहँदा पनि अधिकांश नेपाली नागरिक भूकम्पीय सुरक्षाको दृष्टिकोणले उपयुक्त घर संरचना निर्माणमा उदासिन बन्ने गरेका छन् । सरकारले भूकम्प प्रतिरोधी संरचना निर्माणका लागि नीति, नियम बनाएको भए पनि नागरिकस्तरबाट त्यसको प्रभावकारी पालना भइरहेको छैन । भूकम्पीय जोखिमयुक्त संरचनाका कारण भविष्यमा भूकम्पबाट ठूलो क्षति हुनसक्ने सम्भावना जस्ताको त्यस्तै रहेको छ । २०७२ सालको भूकम्पपछि निर्माण भएका अधिकांश सरकारी संरचना भूकम्पप्रतिरोधी भए पनि आम नागरिकले निर्माण गरेका आवासीय तथा व्यावसायिक संरचनाहरु पूर्णरुपमा भूकम्प प्रतिरोधी छैनन् । वर्षेनि भूकम्प सुरक्षा दिवस मनाइरहँदा भूकम्प प्रतिरोधी संरचना निर्माणका पर्याप्त चेतना जगाउन नसक्नुले दिवसको औचित्य कम भइरहेको मान्न सकिन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : परिबन्ध र बाध्यताका काममा सरिक भइएला ।
**वृष** : राज्यपक्षबाट लाभ र काममा सफलता प्राप्त ।
**मिथुन** : प्रतिष्ठा र सम्मान वृद्धि हुने समय योग छ ।
**कर्कट** : नियम र अनुशासनलाई पालना गर्दा राम्रो रहन्छ ।
**सिंह** : दुराशा र महत्वकांक्षा त्याग गर्दा राम्रो रहनेछ ।
**कन्या** : मित्रता र सुख प्राप्तिको समय योग रहेको छ ।
**तुला** : साहसी काममा समय व्यतित हुने समय योग छ ।
**वृश्चिक** : प्राविधिक एवं सीपमूलक काममा समय बित्ला ।
**धनु** : शरीर स्वस्थ रहेपनि चिन्ता बढ्ने समय योग छ ।
**मकर** : पराक्रम र उत्साहमा वृद्धि हुने समय योग छ ।
**कुम्भ** : कला र साहित्यिक क्रियाकलापमा मन जाला ।
**मीन** : नयाँ उत्साह उमङ्ग बढ्ने समय योग छ ।

# प्रजातन्त्रदेखि गणतन्त्रसम्म फस्टाएको खबरको खेति



✍ जनकमान डङ्गोल

कार्यपालिका, न्यायपालिका, व्यवस्थापिकापछि चौथो अंगको रुपमा पत्रकारितालाई राखिएको छ । यी सबै अंगहरु स्वतन्त्र, जिम्मेवार, कर्तव्यनिष्ठ, अनुशासित र मर्यादित पेशाको रुपमा रहनु जरुरी छ ।

२०४६ साल भन्दा अगाडि नेपालको पत्रकारको परिचय भनेको ख्याउटे, मलिनो अनुहार, झुस्स परेको दारी, टाउकोमा ढाकाको टोपी, काँधमा भिर्ने सुतीको मैलो झोला, त्यो भित्र डायरी र मसी भर्ने २ रूप्पेमा पाईने फ्लेम कम्पनिको फुन्टिन कलम भन्दा अरु हुन्थेन । लेखाइमा शक्ति चैं बेजोडको हुन्थ्यो । पञ्चायती मन्त्री तुलसी गिरीको पालाको गलैंचा काण्ड होस् वा पोखराको नमिता-सुनिता काण्ड सबैलाई मसी भरेको कलमले नै ठिक पारेको थियो । अझ त्यतिले नपुगेर पञ्चायती व्यवस्थालाई नै आर्यघाटमा पुऱ्याउन ठूलो मद्दत पनि मसी भरेकै कलमले गरेको थियो ।

व्यापारीले कालोबजारी गऱ्यो, माडे साहुले मुद्रा अपचलन गऱ्यो, रासन-पानीमा मिसावट गऱ्यो भनेर लेख्थे । मज्जाले काण्ड पुग्नेगरी सबैको विषयमा लेखेर आवाज उठाउँथे । पुरस्कार वापतमा कोहिले गोली खान्थे भने कोहि ठिंगुरामा जाकिन्थे । कठै भन्ने कोहि थिएन । तरपनि आवाज उठाउन छोड्दैन थिए । जनताको नजरमा त्यस्ता आवाज उठाउने खाँटी पत्रकारलाई हेरिने मानसम्मान गज्जबको थियो ।

अहिले चिटिक्क परेको एउटा विदेशी काँधे झोला अनि त्यो झोला भित्र १ थान महँगो ब्राण्डको मोबाइल र ल्यापटप, १ थान डिजिटल क्यामरा, १ थान डायरी, १ थान पाईलट पेन, लोकलाई देखाउनका लागि महँगो मोटरसाइकल, प्रायोजित नेटको लाइन, १ थान कम्प्युटर वा ल्यापटप, १ थान प्रिन्टर मेसिन, हो यत्ति जिनिस छ भने पत्रकार बन्न सजिलै पाइने रैछ । तलब भनेको त्यस्तै हो ।

राजधानीमा भन्दा मोफसलमा वर्षे च्याउसरि उम्रेको छ आजकल पत्रकारको खेती । अनलाइन पत्रिका होस् वा टिभी, एफएम रेडियोदेखि यु-टुबे पत्रकारको साउने भेल बगेको छ । हेर्ने दर्शक, सुन्ने श्रोता होस् वा पढ्ने पाठकले कुन पढ्ने र कुन हेर्ने, कुन सुन्ने भनेर त्यसको मेलो नै पाउन छोडी सके ।

सूचना बाँड्नु र सूचना दिनु नराम्रो कार्य हैन । तर, हरेक कुरालाई फेसन र प्रतियोगिताको हिसाबले हेर्दा त्यसले गाउँ समाजमा कत्तिको असर पुऱ्याउँछ त्यतातर्फ कसले ध्यान दिने ? एसएलसी परीक्षा दिनासाथ केही दिनको उद्घोषण र पत्रकारिताको तालिमे खेति सुरु हुन्छ । केही दिन पछिको तालिम पश्चात अनि सुरु हुन्छ पत्रकारिताको साउने खेति । न भाषामा शुद्धता छ । न शब्द चयनमा ध्यान दिन्छन् । समाचारको शीर्षक राख्छन् उट्पट्याङ् तरिकाले । हेर्नुस एउटा नमुना ‘प्रचण्डले बाढी हेर्न जानलाई हेलिकोप्टर माग्दा पूर्व राजाले २५ लाख सहयोग गरे ।’ अदालतमा केश चल्दैछ, बयान सक्किएको छैन । फलानो नेता आजै छुट्दैछन् भन्ने भ्रामक समाचार पस्किन्छन् । यो समाचारको नाउँमा विकृति हो कि हैन ?

समाचारको कारणले गर्दा मेरो मानहानी भो भनेर सम्बन्धितले उजुरी दिए । उजुरी दिने भनेको पुलिस कि प्रशासनमा ? पुलिसले धुईपत्ताल लगाएर खोजे, समाते र थुने पनि राज्यको चौथो अंगलाई किन थुन्या भनेर विरोध सुरु हुन्छ । गल्ति गर्ने राज्यको चौथो अंग भनिने पत्रकारलाई थुन्न पक्रिन नपाइने हो भने जनताको करको पैसाले किन प्रहरी तथा प्रशासनलाई पाल्ने ? पत्रकारको बिल्ला भिरेर सिमामा तस्करी गर्न छुट, विज्ञापन दिएन भनेर पीत पत्रकारिता गर्न छुट । जेमा पनि छुट पाइने भएपछि किन पत्रकारिता पेसामा नलाग्ने ?

जनताले हेरुन् नहेरुन् । सुनुन् नसुनन् । पढून् नपढुन् । त्यसको लेखाजोखा नराखिकन अन्धाधुन्द तरिकाले टेलिभिजन, एफएम रेडियो स्टेसन, पत्रिकाको अनुमति दिनु कहाँको न्यायोचित हो ? अनि वर्षे च्याउसरि बिना अनुमति स्वदेश तथा विदेशमा खोलिएको अनलाइन भनिने विद्युतीय डिजिटल पत्रिकालाई बिना अनुमति किन सञ्चालन गऱ्यो भनेर रोक्ने कसले ? एउटा जिल्लामा कति वटासम्म दैनिक, साप्ताहिक, पाक्षिक तथा मासिक पत्रिका र टेलिभिजन तथा एफएम रेडियो स्टेसन चलाउन दिने भनेर निर्देशिका नै बनाउनु जरुरी छ ।

हिजो राणाको शासनदेखि पञ्चायती व्यवस्थासम्मले अन्याय गऱ्यो भनेर शासन र व्यवस्था बिरुद्ध ईन्कलावी नारा घन्काउने पत्रकारहरु कांग्रेस, कम्युनिस्ट पार्टीमा लागेर नेतादेखि मन्त्रिसम्म भए । अहिले पनि कांग्रेस, कम्युनिष्टदेखि छोटे पार्टीका सहयोगी बनेका छन् । नेता, मन्त्रिदेखि तिनका नजिकका कार्यकर्ताहरुले मच्चाएको ज्यादती बिरुद्ध धृतराष्ट्र र गान्धारीरुप धारण गर्छन् भने ति हिजोका पत्रकार, पत्रकार पछि बनेका नेता मन्त्रिदेखि पत्रकारको बर्को ओढेर पार्टी नेताको समर्थनमा लेख्नेहरु देशमा राजतन्त्र हटाउनका लागि मात्र पत्रकार बनेका रैछन् भनेर किन नबुझ्ने ?

देशमा अहिले पनि राष्ट्रवादी स्वतन्त्र पत्रकारहरु छन् । तर, पत्रकारहरुको हकहितका लागि भनेर खोलिएको संस्थाको सदस्य पनि बनेका छन् तर जिल्लादेखि केन्द्रसम्मको नेतृत्वमा तिनीहरु जान पनि सक्दैनन् र पुग्न पनि सक्दैनन् । स्वतन्त्र अनि खाँटी पत्रकार बन्नु पनि देश र जनताका लागि अभिसाप नै हो ।

# जिन्दगी एक सफर



✍ सिएम रिमाल

जिन्दगीलाई प्रायः एउटा लामो यात्रासँग तुलना गरिन्छ । यो सफर न कुनै निश्चित गन्तव्यमा पुगेर अन्त्य हुन्छ न त यसको बाटो सधैं सरल र सहज हुन्छ । जीवन एउटा यस्तो यात्रा हो, जसले हाम्रा पाइला-पाइलामा नयाँ मोडहरू, रहस्यहरू अनि कहिले मीठा, कहिले तिता अनुभवहरू पस्किन्छ ।

हरेक बिहानको सूर्य उदयले नयाँ सम्भावनाहरूको आगमन गर्छ । हरेक रातको अँध्यारोले भोलिपल्टको उज्यालोको आशा जगाउँछ । जीवनको यात्रा पनि यस्तै हुन्छ । कहिले काँडा बिच्छाएर हामीलाई रून बाध्य बनाउँछ, कहिले फूलको सुवासले मुटु प्रफुल्लित बनाउँछ ।

जीवनको सफरमा हामी धेरै गन्तव्यहरू पार गर्छौं । बाल्यकाल, किशोरावस्था, युवावस्था, प्रौढावस्था र बुढ्यौली । प्रत्येक कालखण्डले आफ्नै विशेषता बोकेको हुन्छ । बाल्यकालमा जहाँ निर्दोष हाँसो हुन्छ, किशोरावस्था जहाँ सपनाको महलहरू बुन्न थाल्छन्, युवावस्था जहाँ जिम्मेवारीहरूको भार काँधमा आउँछ, अनि बुढ्यौली जहाँ सम्झनाहरूले मुटु भरिन्छ ।

जीवन यात्रामा हामीसँग सङ्गीहरू पनि हुन्छन् । हाम्रा आमाबुबा, साथीभाइ, प्रेमी-प्रेमिका, सन्तान र सहकर्मीहरू । यिनीहरू जीवनको यात्रालाई सजिलो बनाउने पात्र हुन् । कहिलेकाहीँ उनीहरू हामीसँग धेरै टाढा पुग्छन् तैपनि तिनको सम्झना हाम्रो हृदयको कुनामा बसिरहन्छ ।

जीवन एउटा पाठशाला पनि हो । यहाँ हरेक गल्तीले पाठ सिकाउँछ । हरेक असफलताले अर्को प्रयासका लागि प्रेरणा दिन्छ । जीवनको हरेक मोडले हामीलाई केही न केही सिकाइरहेको हुन्छ । कतिपय समय हामी ती पाठहरू बुझ्न नसक्ने अवस्थामा पनि हुन्छौं ।

सपनाहरू जीवनको यात्राका नक्सा हुन् । यी नक्साले हामीलाई हिँड्नका लागि मार्ग देखाउँछ तर सपना मात्र देखेर यात्रा सकिँदैन । तिनलाई साकार पार्न मेहनत, धैर्य र निष्ठाको जरुरत पर्छ । जीवनको यात्रामा सबैभन्दा महत्वपूर्ण कुरा आत्मविश्वास हो । जबसम्म आत्मविश्वास हाम्रो साथमा हुन्छ तबसम्म कुनै पनि बाधा हामीलाई रोक्न सक्दैन । आत्मविश्वास भनेको यात्रामा बलियो जुत्ता जस्तै हो, जसले काँडाका बाटाहरू पार गर्न सहयोग गर्छ ।

तर, जीवनको यो यात्रामा कहिलेकाहीँ हाम्रा पाइला थाक्छन् । हामीलाई विश्राम चाहिन्छ । यो विश्राम भनेको हार मान्नु होइन, बरु अर्को कदम चाल्नका लागि शक्ति सङ्कलन गर्नु हो । जिन्दगीको यात्रा अन्तिम गन्तव्यमा पुगेर समाप्त हुन्छ तर यात्राको क्रममा गरिएका कामहरू, बाँडिएका खुसीहरू अनि अरूको जीवनमा छोडिएका प्रभावहरू भने कहिल्यै मेटिँदैनन् ।

यसैले जिन्दगीको यात्रालाई हरेक क्षण जिउनुहोस् । हरेक मोडलाई अपनाउनुहोस् । हरेक चुनौतीलाई स्वीकार गर्दै अघि बढ्नुहोस् किनकि जिन्दगी एउटा अनुपम सफर हो, जहाँ हरेक पाइला, हरेक क्षणले तपाईंलाई केही न केही शिक्षा दिन्छ । सधैं सम्झनुहोस् । यो यात्रा तपाईंको मात्र होइन, तपाईंले छोडेका पदचिन्हहरूले अरूलाई पनि मार्ग देखाइरहेका छन् त्यसैले हरेक पाइला दृढताका साथ चाल्नुहोस् । जिन्दगीलाई डर होइन, हिम्मतले जिउनुहोस् किनकि अन्ततः यही साहसले तपाईंको कथालाई अमर बनाउँछ ।

# के हो यथार्थ सिमेन्टको मुल्य बढेकै हो त ?



✍ बिक्रम खतिवडा

सिमेन्टको मुल्यको बारेमा बजारमा चलेको हल्ला भन्दा बास्तबिक्ता फरक रहेको पाईन्छ । हालका दिनहु जस्तो बजारमा आउने समाचार र उक्त समाचारहरु माथि गरिने टिप्पणीले समेत एक पटक सोच्न बाध्य बनायो ।

बिभिन्न तथ्यांक अनुसार नेपालीमा बार्षिक २.५ करोड टन अर्थात ५० करोड बोरा सिमेन्ट उत्पादन क्षमता रहेको पाईन्छ । देश भर करीब ६५ वटा सिमेन्ट उद्योगमा प्रत्यक्ष र अप्रत्यक्ष गरी झण्डै ७० हजार जनाले रोजगारी पाईरहेको बिभिन्न तथयंक हरुले देखाउछ । नेपालमा हुने सिमेन्टको मागलाई नै हेर्ने हो भने पनि पहिलो त्रैमासिकमा कुल मागको १० प्रतिशत हाराहारी मात्रै रहेको पाईन्छ भने दोश्रो त्रैमासिक मा पनि १० देखी १२ प्रतिसत हाराहारी मात्रै रहने गरेको पाईन्छ । सामान्यतया मंसिर महिनाको अन्त्यातिरबाट सामान्यतया नयाँ घर बन्न सुरुहुने तथा सरकारी योजनाका काम पनि सुरु हुने गरेको पाईन्छ । त्यसैले पनि मंसिरको अन्त्यतिर बाट सिमेन्टको माग संगै मुल्य पनि बृद्धि भएको देखिन्छ । त्यस पछिका महिनाहरुमा भने बिभिन्न कारणले उद्योगहरुले बजारको मागलाई धान्न मुस्किल परीरहेको देखिन्छ । जस्को मुख्यकारण भनेको सुख्खायाम सँगै उद्योगहरुले पाउने बिद्युत कटौति हुनु र ठुलो मात्रामा हुने सिमेन्टको मागलाई समयमा नै ढुवानीका निमित्त पर्याप्त मात्रामा ढुवानीका साधन उपल्ध नहुनु पनि प्रमुख समस्या हुन । सिमेन्ट जस्तो बस्तु उद्योगमा पनि ठुलो परिणममा स्टक नहुने भएका भएको स्टकले ठुला उद्योगहरुलाई सिजनमा ३-४ दिनको माग धान्न पनि धौधौ पर्ने भएकाले पनि समस्या हुने गरेको छ । उदाहरणको लागी दैनिक १० हजार बोरा सिमेन्ट उत्पादन गर्ने क्षमता भएको उद्योगले उत्पादन गर्ने भनेको आफनो क्षमता अनुसार नै हो तर मागको आधारमा हेर्ने हो भने अफ सिजनमा उत्पादन क्षमताको १५ प्रतिसत बजारमा बेच्न समेत मुस्किल हुने गरेको छ भने सिजन सुरु भए संगै दैनिक १० हजार बोरा उत्पादन क्षमता भएको उद्योग संग दैनिक २०=२२ हजार बोराको माग हुने गरेको छ । उक्त समयमा हुने बिद्युत आपुर्ति लगायतको समस्याले उद्योगहरुले आफनो पुर्ण क्षमतामा उद्योग संचालन

...बाँकी पृष्ठ ३ मा

# प्राथमिक तहका शिक्षकलाई शैक्षिक सामग्री निर्माणसम्बन्धी कार्यशाला




*कार्यशालामा निर्माण गरिएका शैक्षिक सामग्रीको प्रदर्शनीमा सहभागी शिक्षकहरु ।*

समाज संवाददाता

हेटौँडा : मकवानपुरको बकैया गाउँपालिकाका सामुदायिक विद्यालयमा कार्यरत प्राथमिक तहका शिक्षकहरुका लागि शैक्षिक सामग्री निर्माणसम्बन्धी तीन दिवसीय कार्यशालाको आयोजना गरिएको छ । शुक्रबारबाट हेटौँडामा सुरु भएको कार्यशाला आइतबार समापन भएको छ। कार्यशालामा ३० जना शिक्षकको सहभागिता रहेको थियो ।

कार्यशालाको अन्तिम दिन आइतबार शिक्षकहरुले तयार पारेका शैक्षिक सामग्रीको प्रस्तुती समेत गरिएको थियो । कार्यशालामा पवन अधिकारीले प्रशिक्षकको भूमिका निर्वाह गर्नुभएको थियो। गुणस्तरीय र प्रभावकारी सिकाईका लागि इस्थर बेञ्जामिन स्मृति संस्थाले बकैया गाउँपालिकाका विद्यालयहरुमा शिक्षकको क्षमता विकास, विद्यार्थीलाई छात्रवृत्ति, पोशाक, शैक्षिक सामग्री सहयोग गर्नुका साथै विद्यालयको भौतिक विकासमा समेत सहयोग गर्दै आएको छ ।

इस्थर बेञ्जामिन स्मृति संस्थाकी उपाध्यक्ष उमा तिमल्सिनाको अध्यक्षता तथा बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछानेको प्रमुख आतिथ्यमा कार्यशालाको समापन कार्यक्रम भएको थियो। कार्यशालाको समापन कार्यक्रममा बकैया गाउँपालिकाको शिक्षा शाखाका प्रमुख आइतराम तामाङ, इस्थर बेञ्जामिन स्मृति संस्थाका कार्यकारी निर्देशक आत्माराम थापा, इस्थर बेञ्जामिन स्मृति संस्थाको मकवानपुर जिल्लाका कार्यक्रम व्यवस्थापक बुद्धवीर लामाको पनि उपस्थिति रहेको थियो ।

# रुखबाट लडेर भागवतको मृत्यु

समाज संवाददाता

हेटौँडा : चितवन जिल्लाको भरतपुर महानगरपालिका-१३, बाटुली पोखरीमा रुखबाट लडेर एक जना पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा तनहु जिल्लाको भिमाद नगरपालिका-१ घर भई हाल भरतपुर महानगरपालिका-१३, ब्रम्हपुरी बस्ने ५० वर्षीय भागवत लम्साल रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

सोमबार बिहान ८ बजेको समयमा लम्साल बाटुली पोखरी सामुदायिक वनमा रुखबाट घाँस झार्ने क्रममा लडेर घाईते भएका थिए । घाइते लम्साललाई उपचारका लागि भरतपुर अस्पताल लगिएको थियो । उपचारको क्रममा लम्सालको दिउँसो १२ बजेर ४५ मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

# म्यानेजमेन्ट फेष्टमा वनविज्ञान क्याम्पस प्रथम

समाज संवाददाता

हेटौँडा : हेटौँडा-४ स्थित हेटौँडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसल साइन्सेसले आयोजना गरेको म्यानेजमेन्ट फेष्टमा वनविज्ञान क्याम्पस प्रथम भएको छ । आइतबार र सोमबार दुइ दिन आयोजित फेष्टमा कृषि तथा वन विज्ञान विश्वविद्यालय, वन विज्ञान संकाय, हेटौँडा फरेष्ट्री क्याम्पस अन्तर्गत एफओएफका १० व्याचको टिम प्रथम भएको हो । वन विज्ञान संकायका प्रतीक्षा पौडेल, करुणा दाहाल, कुसुम खड्का र दिपेश श्रेष्ठ सहभागिता रहेको थियो ।

हेटौँडा-५, पिप्लेस्थित हेटौँडा सिटी कलेजको टिम मारियो द्वितीय हुँदा हेटौँडा स्कुल अफ म्यानेजमेन्ट एण्ड सोसेल साइन्सेस अन्तर्गत “द इम्पेरियल टायकुन्स“ टिम तेस्रो तृतीय स्थानमा पर्न सफल भएको छ । म्यानेजमेन्ट फेष्ट प्रतियोगितामा हेटौँडा स्कुल अफ म्यानेजमेन्ट एण्ड सोसेल साइन्सेस, हेटौँडा सिटी कलेज, हेटौँडा क्याम्पस, हेटौँडा फरेष्ट्री क्याम्पस (कृषि तथा वन विज्ञान विश्वविद्यालय) र शहीद आकाश मेमोरियल कलेज गरी जम्मा ६ टिमहरुको सहभागिता रहेको थियो । प्रतियोगितामा प्रथम हुने वनविज्ञान क्याम्पसको टिमले १५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन् भने द्वितीय र तृतीय हुने टिमले पनि मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन् ।

बादबिवाद प्रतिस्पर्धामा ८ जना विद्यार्थीहरूले भाग लिएका थिए भने गेमिङ टुर्नामेन्ट (पबजी) मा ४ खेलाडी भएका ७ टिमहरु सहभागी थिए । ट्याग द ब्राण्ड मा ११ टिमहरु प्रतिस्पर्धा गरिरहेका थिए भने आईटी क्विजमा ६ जना सहभागी थिए । यस्तै, फेस्टको खाद्यान्न स्टलले “रिप्रिजेन्ट योर कल्चर” भन्ने विषयमा ९ स्टलहरू प्रस्तुत गरेका छन्, जसमा ७ स्टलहरू ब्याचलरका विद्यार्थीहरुले तयार गरेका हुन् भने २ स्टलहरु होटल म्यानेजमेन्टका विद्यार्थीहरूले प्रस्तुत गरेका थिए ।

# लागूऔषध गाँजासहित स्याङ्बो पक्राउ

समाज संवाददाता

हेटौँडाः पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौँडा-१५, रातोमाटे चेकपोष्टबाट प्रहरीले लागूऔषध गाँजासहित एक जनालाई पक्राउ गरेको छ। मंगलबार बिहान ६ बजेर ५० मिनेटको समयमा हेटौँडाबाट निजगढतर्फ जाँदै गरेको बा ७ च २५१० नम्बरको पिकअप गाडीबाट १११ किलो लागूऔषध गाँजा बरामद गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

प्रहरीले गाडीका चालक मकवानपुरको कैलाश गाउँपालिका-२, डाँडाखर्कका ३४ वर्षीय रावल स्याङ्बोलाई पक्राउ गरेको छ । गाडीको पछाडिको ढालाभित्र लुकाइछिपाई ल्याइएको गाँजा प्रहरीले बरामद गरेको थियो। लागूऔषध गाँजासहित स्याङ्बोलाई नियन्त्रणमा लिई अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।

# किसान कल्याणमा मोतिलाल

समाज संवाददाता

हेटौँडा : हेटौँडा-८ स्थित किसान कल्याण बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको अध्यक्षमा मोतिलाल लामा चयन हुनुभएको छ । शनिबार भएको साधारणसभाबाट मोतिलाल लामाको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो। सहकारीको उपाध्यक्षमा रमेश कुमार पौडेल, सचिवमा कृष्णबहादुर श्रेष्ठ र कोषाध्यक्षमा उमानाथ आचार्य निर्वाचित हुनुभएको छ ।

सदस्यमा कृष्णबहादुर श्रेष्ठ, रामप्रसाद ढकाल, गोपिनी खतिवडा, मीराकुमारी पौडेल, कल्पना बिश्वकर्मा, कुमार बहादुर केसी र धनलक्ष्मी थापा चयन हुनुभएको छ । साधारणसभाबाट लेखा सुपरीवेक्षण समिति संयोजकमा यशोदा उप्रेती, सदस्यमा टिकाप्रसाद कँडेल र गोकर्ण तिवारी निर्वाचित हुनुभएको छ। हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाको प्रमुख आतिथयमा भएको साधारणभामा असल बचतकर्ता, ऋणीलाई सम्मान गरिएको थियो ।

एक हजार एक सय १७ सेयर सदस्य रहेको सहकारीले आर्थिक वर्ष २०८०/८१ मा २७ लाख रुपैयाँ बराबरको तोरीको तेल बिक्री गरेको जनाएको छ । सहकारीको सेयर पुँजी एक करोड तीन लाख ६३ हजार रुपैयाँ पुगेको छ । सहकारीले तीन करोड ५६ लाख ९० हजार रुपैयाँ बचत संकलन गरेको छ भने ६ करोड २० लाख रुपैयाँ ऋण लगानी गरेको छ । सहकारीले राष्ट्रिय सहकारी बैंक र युवा तथा साना व्यवसाय स्वरोजगार कोषबाट ३ करोड ७४ लाख ६३ लाख रुपैयाँ ऋण लिएको छ ।

# हेटौँडा १२ नम्बर वडा बालमैत्री घोषणा

समाज संवाददाता

हेटौँडाः बुधबार हेटौँडा उपमहानगर पालिकाको १२ नम्बर वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको छ । ‘बालबालिकामा लगानी; सुनिश्चित भविष्यको थालनी’ भन्ने मुल नाराका साथ बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको हो ।

हेटौँडा-१२, सिग्रेनी सोल्टीचोकबाट ¥याली आयोजना गर्दै बुद्ध माध्यमिक विद्यालयमा पुगेर घोषणा कार्यक्रम गरिएको थियो । कार्यक्रममा वडाको प्रतिवेदन वडा सदस्य महेश भट्टराईले प्रस्तुत गर्नुभएको थियो ।

४७ वटा सूचकमा सय प्रतिशत र बाँकी ४ वटा सूचकमा घोषणाका लागि आवश्यक न्यूनतम नतिजा हासिल भएसँगै बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको उहाँले जानकारी दिनुभयो। बाल अधिकारका चार क्षेत्रको ३६ र संस्थागत विकासको १५ गरी बालमैत्री स्थानीय शासन घोषणा गर्न आवश्यक ५१ वटा सूचकहरु पूरा भएसँगै बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको हो ।

घरधुरी तथ्यांक संकलन सर्वेक्षण २०७९ अनुसार हेटौँडा-१२ मा कुल २ हजार २३६ घरधुरी रहेको उहाँको भनाइ छ। वडामा १८ वर्ष मुनिका बालबालिका ३ हजार ७८ जना रहेको भट्टराईले बताउनुभयो । जसमा १ हजार ५ सय ७८ बालक र १ हजार ५ सय बालिका रहेका छन् । वडामा सामुदायिक र संस्थागत गरी ५ वटा विद्यालय सञ्चालनमा छ भने २२ वटा बाल समूह र एउटा वडास्तरीय बाल समूह सञ्जाल रहेका छन् । जसमा ५५० जना बालबालिकाहरु आवद्ध रहेको भट्टराईले बताउनुभयो ।

हेटौँडा-१२ नम्बर वडाका वडाध्यक्ष अर्जुन तिवारीको अध्यक्षता तथा हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको हो । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नगर प्रमुख लामाले अभियानका रुपमा अघि बढिरहेको जानकारी दिनुभयो। वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्दैमा बालश्रम र बालविवाह अन्त्य नहुने उहाँको भनाइ छ। बालश्रम र बालविवाह न्यूनीकरण गर्न अभियानको रुपमा अघि बढाइएको उहाँले बताउनुभयो।

कार्यक्रममा विभिन्न क्षेत्रबाट वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणामा सहयोग पुऱ्याएको भन्दै हेटौँडा उपमहानगरपालिका, जिल्ला समन्वय समिति मकवानपुर, माइती नेपाल मकवानपुर, मामाघर नेपाललगायतलाई प्रशंसापत्र प्रदान गरिएको थियो । कार्यक्रममा हेटौँडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँ, जनप्रतिनिधि, विभिन्न संघसंस्थाका प्रतिनिधि, बाल समूहका अध्यक्ष, विद्यार्थी, स्काउट, नेपाल प्रहरीलगायतको उपस्थिति रहेको थियो ।

# भोलि हेटौँडामा आस्था राउतको सांगीतिक प्रस्तुति हुने

समाज संवाददाता

हेटौँडाः शुक्रबार हेटौँडामा गायिका आस्था राउतको सांगीतिक प्रस्तुति हुने भएको छ । स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) हेटौँडा क्याम्पस कमिटीको आयोजना तथा नगरस्तरीय युवा सञ्जाल हेटौँडाको समन्वयमा हेटौँडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालयको चौरमा गायिका राउतको सांगीतिक प्रस्तुति हुने भएको हो ।

गायिका राउतको सांगीतिक कार्यक्रममा सहभागी हुन चाहने दर्शकले प्रतिव्यक्ति २ सय ५० रुपैयाँको टिकट लिनुपर्ने स्ववियु हेटौँडा क्याम्पस कमिटी अध्यक्ष अभि मैनालीले जानकारी दिनुभएको छ। हेटौँडा-४, पारिजातपथस्थित ज्ञानभण्डार पुस्तक सप्लायर्सबाट टिकट उपलब्ध हुने अध्यक्ष मैनालीले बताउनुभयो ।

सांगीतिक कार्यक्रमलाई साहित्य संगम मकवानपुरका सचिव मनोज पोखरेलले सहजीकरण गर्नुहुनेछ । ‘अभिभावकविहीन छात्राहरुमा लगानी, सुनिश्चत भविष्यका लागि महिला सशक्तिकरणको थालनी’ भन्ने मूल नाराका साथ गायिका राउतको लाइभ सांगीतिक कार्यक्रम आयोजना गर्न लागेको उहाँले बताउनुभयो । विशेषगरी गरिब तथा विपन्न वर्गका छात्राको शिक्षामा सहयोग गर्नका लागि कार्यक्रम गर्न लागिएको उहाँले बताउनुभयो। अभिभावक नभएका छात्राहरुको शिक्षामा सहयोग पुऱ्याउने उद्देश्यले अक्षयकोष निर्माणका लागि कार्यक्रम गर्न लागेको अध्यक्ष मैनालीले जानकारी दिनुभयो ।

मकवानपुर जिल्लामा विद्यालय, क्याम्पसहरुबाट छात्राहरुले पढाइ छाड्ने क्रम बढ्दोरुपमा देखिएका कारण स्ववियु हेटौँडा क्याम्पस कमिटीले सहयोग गर्न लागेको उहाँको भनाइ छ । कार्यक्रममा करिब ३ हजारको हाराहारीमा दर्शकहरु सहभागी हुने अनुमान गरिएको स्ववियु अध्यक्ष मैनालीले बताउनुभयो ।

## *के हो यथार्त...*

गर्न सकिरहेका हुदैन्न बल्ल पुर्ण क्षमतामा उद्योग संचालन गर्यो उत्पादित सिमेन्ट बजारसम्म लैजाने ढुवानिका साधन पर्यापत नहुँला अर्को समस्या सुरु हुन्छ । हामी कहा सिमेन्टमा मात्रै हैन हरेक क्षेत्रको हाल उस्तै देखिन्छ। ढुवानि क्षेत्रको हाल पनि उस्तै छ । सिमेन्टसँग प्रत्यक्ष सरोकार राख्ने ढुवानि क्षेत्रको हालत उस्तै छ । असार देखी मंसिरसम्म भैरहवादेखि काठमाण्डौंको भाडा प्रति बोरा १००-११० सम्ममा सहजै पाईने ट्रक सिजन सुरु भएसंगै १६० प्रति बोरा भाडा तिर्दा समेत सहजै नपाईने ललितपुर इमाडोलका आई पि टेडर्सका संचालक निमार्ण सामाग्री ब्याबसायी पुस्प आर्चाय बताउनु हुन्छ । कहिले बत्ति कहिले गाडि कहिले उद्योगको कोटा सिस्टम लगायतका सिजनसँगै अनेकौ समस्याहरुसँग जुध्नु पर्ने उहाँ बताउनु हुन्छ।

अब चर्चा गरौं सिमेन्टको मुल्यको आज भन्दा ६ बर्ष अघि २०७५ सालको ओ पि सि ४३ ग्रेडको सिमेन्टको औसत मुल्यलाई हेर्ने हो भने त्यस बर्ष ७५०-८०० रुपैयाँसम्म उद्योग मुल्य रहेको पाईन्छ , भने २०७६ मा पनि केहि मुल्यबढे पनि बर्षभरीको औसत मुल्यलाई हेर्ने हो भने ७७०-८२५ सम्म पुगेको देखिन्छ । २०७७ मा ९५० सम्म पुगेको सिमेन्टको मुल्य त्यस यता स्थिर हुन सकेको छैन । एकै आर्थिक बर्ष भित्र मुल्यमा आएको ठुलो उतारचढावले आफुहरुलाई ग्राहकले हेर्ने नजरनै फरक भएको बिगत १५ वर्ष देखि सिमेन्टको खुद्रा व्यापार गर्दै आउनु भएका हेटौँडाका व्यावसमयी सुवास दहाल बताउनु हुन्छ । २०७७ मा ९५० सम्म पुगेको सिमेन्टको यस वर्षको पहिलो त्रैमासिकसम्म आईपुग्दा ४५० देखी ५०० रुपैँया हाराहारीमै सहजै पाईन थालेको थियो। वहाँकै भनाईमा सहमत हुँदै न्यौपाने ब्रदर्स हार्डवयर एण्ड सेनेटरीका संचालक कमल न्यौपाने भन्नु हुन्छ कहिले सिमेन्टको ५ वर्ष पहिलको पि पि सि सिमेन्ट को मुल्यमा केहि महिना पहिलेसम्म ओ पि सि सिमेन्ट भैरहवा देखीको ढुवानी भाडा तिर्दा पनि अहिले सस्तो थियो। एक्कासि हरेक हप्ता मुल्यबृद्धि हुँदा आफुहरुलाई अप्ठेरो परेको बताउँदै अफ सिजनमा पनि सस्तो हूँदैमा सिमेन्टको व्यापर नबढने हुँदा सिजन अफसिजन जे भए पनि मुल्यमा धेरै उतारचढाप नभैदिए हुने भन्दै गुनासो सुनाउनु भयो। हुन पनि उद्योग उद्योग बिचको अस्वस्थ प्रतिस्पर्थाले गर्दा बजारमा सिमेन्ट मुल्य स्थिर हुन सकेको छैन । ५-७ वर्ष पहिलेको तुलनामा हेर्ने हो भने सिमेन्टमा खासै मुल्यबृद्धि भएको मान्न सकिन्न हरेक चिजको मुल्य बढेको हेर्दा सिमेन्ट अझै सस्तो छ। तर सिजन र अफसिजन मा हुने मुल्यको घटबढलाई कम गर्दै स्थिरता कायम गर्न सके उद्योगी व्यावसायि देखी आम उपभोक्त समेतलाई सहज हुने देखिन्छ ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४
मेगाहर्ज सुनौं र सुनाऔं

रेडियो निकास ९३.४
The Voice of Community

**के तपाई अटो व्यावसायी बन्दै हुनुहुन्छ ?**

यदि स्वरोजगार अटो व्यावसायी बन्दै हुनुहुन्छ भने यी कुराहरुमा विचार गर्नुहोस्
- सवारी कुन कुन क्षेत्रमा सञ्चालन गर्न पाउने हो ।
- तपाई सवारी चालक बन्नको लागि सवारी चालक अनुमतीपत्र, प्राप्त चालक हो कि होइन ?
- सवारीका सम्पुर्ण कागजातहरु नवकीरण छन कि छैनन् ?

अध्यक्ष नवराज घिमिरे एवम्
**नेपाल अटो ई-रिक्सा व्यावसायी संघ परिवार**
हेटौँडा-४, मकवानपुर

**रोजगारीको अवसर**

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधि (Sales Man) को आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ ।

- **तह पद** : बजार प्रतिनिधि (Sales Man)
- **संख्या** : ६ जना ।
- **उमेर** : १८ वर्ष पुरा भएको ।
- **शैक्षिक योग्यता** : साधारण लेखपढ ।
- **आवश्यक कागजात** : नागरिकताको प्रतिलिपि, फोटो, शैक्षिक प्रमाणपत्र ।
- **निवेदन दस्तुर** : रु. ५००/-
- **सेवा सुविधा** : १५,०००/- देखि १,००,०००/-



**सम्पर्क**
मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२६६
स्थानः हेटौँडा-१ राप्तीरोड मकवानपुर

**हेटौँडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
**हेटौँडा रिफरेन्स ल्यावरोटरी**
हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

### बकैया गोल्डकप

# सिनियरतर्फ वडा नम्बर ३ र जुनियरतर्फ ११ लाई उपाधि

समाज संवाददाता

हेटौंडाः छैटौं संस्करणको बकैया कप फुटबल प्रतियोगिता सम्पन्न भएको छ। मंगलबार सिनियर र जुनियर दुबैतर्फको फाइनल खेल सम्पन्न भएसँगै प्रतियोगिता सम्पन्न भएको हो।

प्रतियोगितामा सिनियरतर्फको उपाधि ३ नम्बर वडा र जुनियरतर्फको उपाधि ११ नम्बर वडाले जितेको छ। बकैया-३, हात्तीसुँडेस्थित बकैया रंगशालामा भएको फाइनल खेलमा वडा नम्बर ९ लाई ५-० गोलले हराउँदै ३ नम्बरले प्रतियोगिताको उपाधि जितेको हो।

३ नम्बरको जीतमा आयुष नेगीले ह्याट्रिक गरे। यस्तै, अञ्जन गोले र सुजन गुरुङले एक-एक गोल गरे। सिनियर तर्फ ३ नम्बरका सुजन गुरुङ सर्वोत्कृष्ट खेलाडी घोषित भए। उत्कृष्ट गोलरक्षक ३ नम्बरकै सरोज भुलन, डिफेन्डर अञ्जन गोले, सर्वाधिक गोलकर्ता आयुष नेगी र उत्कृष्ट प्रशिक्षक विश्वराज लामिछाने घोषित भए।

उदियमान खेलाडी ५ नम्बरका करण राना मगर, उत्कृष्ट मिडफिल्डर ९ नम्बरका विशाल भोलन र स्टाइकर अभिषेक भोलन घोषित भए। सर्वोत्कृष्टले ५ हजार र अन्य जनही ३-३ हजार रुपैयाँ प्राप्त गरेका छन्। उपाधि विजेता वडा नम्बर ३ ले १ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेता ९ नम्बरले ५० हजार रुपैयाँमा चित्त बुझाएको छ।

यस्तै, जुनियरतर्फ वडा नम्बर ११ ले वडा नम्बर २ लाई टाइब्रेकरमा ४-३ गोलले हराउँदै उपाधि जितेको हो। निर्धारित खेल समय गोलरहित बराबरीपछि खेल टाइब्रेकरमा धकेलिएको थियो। विजेता ११ नम्बरले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेता २ नम्बरले २५ हजार रुपैयाँमा चित्त बुझाएको छ। विजेता ११ नम्बरले सातौं संस्करणको बकैया कपमा सिनियर तर्फबाट सहभागी हुनेछ।

जुनियरतर्फ प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी ११ नम्बरका सुबास लो घोषित भए। उनले ५ हजार रुपैयाँ प्राप्त गरे। यस्तै, उत्कृष्ट गोलरक्षक ११ का सुजन लो, उत्कृष्ट डिफेन्डर २ का चस्मेलाल स्याङ्तान, मिडफिल्डर २ का मनोज स्याङ्तान, फरवार्ड ११ का निखिल घलान, सर्वाधिक गोलकर्ता ११ का धनबहादुर न्यासुर, उदियमान खेलाडी ११ का सुबास लुङ्बा र उत्कृष्ट प्रशिक्षक ११ का दीर्घबहादुर लामा घोषित भए। विधागत उत्कृष्टहरुले जनही ३-३ हजार रुपैयाँ प्राप्त गरेका छन्। आयोजकले पत्रकार दिक्षान्स खड्कालाई ५ हजार रुपैयाँसहित पुरस्कृत गरेको छ।

बकैया खेलकुद विकास समितिका संयोजक विजय लामा थिङको सभाध्यक्ष तथा बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछानेको प्रमुख आतिथ्यमा भएको प्रतियोगिता समापन कार्यक्रममा बागमती गाउँपालिकाका अध्यक्ष सर्केश घलान, बकैयाका उपाध्यक्ष भक्तबहादुर खत्री, वडाध्यक्षहरु र विभिन्न राजनीतिक दलका प्रतिनिधिको आतिथ्य रहेको थियो।

# दुईवटा मोटरसाइकल ठोकिँदा आयुषको मृत्यु

समाज संवाददाता

हेटौंडाः नुवाकोट जिल्लाको बेलकोटगढी नगरपालिका-७, महादेवफाँटमा दुईवटा मोटरसाइकल एक आपसमा ठोकिँदा एक जनाको मृत्यु भएको छ। मंगलबार दिउँसो गल्छी-त्रिशुली सडकखण्डमा गल्छीबाट त्रिसुलीतर्फ जाँदै गरेको प्र ३-०६-०१ प ४६४१ नम्बरको मोटरसाइकल र त्रिशुलीबाट गल्छीतर्फ आउँदै गरेको बा ८४ प ३८३६ नम्बरको मोटरसाइकल एक आपसमा ठोकिँदा ३ जना घाइते भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

दुर्घटनामा बा ८४ प ३८३६ नम्बरको मोटरसाइकल चालक बेलकोटगढी नगरपालिका-७, रातोमाटेका १८ वर्षीय आयुष अर्याल, प्र.३-०६-०१ प ४६४१ नम्बरका चालक सर्लाहीको चक्रघट्टा गाउँपालिका-६ बस्ने २४ वर्षीय बैजु साह र पछाडि सवार धादिङको नेत्रावती गाउँपालिका-२ बस्ने १७ वर्षीया पूर्णिमा तामाङ घाइते भएका थिए। घाइते ३ जनालाई उपचारका लागि त्रिशुली अस्पताल लगिएको थियो।

घाइते अर्याललाई सामान्य उपचारपश्चात् थप उपचारका लागि काठमाडौं ट्रमा सेन्टर रिफर गरिएको थियो। उपचारको क्रममा राति ९ बजे अर्यालको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

# गैंडाको आक्रमणबाट छविलालको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको माडी नगरपालिका-३ स्थित चितवन राष्ट्रिय निकुञ्जको जंगलमा गैंडाको आक्रमणबाट एक जना पुरुषको मृत्यु भएको छ। मृत्यु हुनेमा ५६ वर्षीय छविलाल बोटे रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

मंगलबार दिउँसो निकुञ्जको जंगलमा भैंसी चराउन गएका छविलाललाई जंगली गैंडाले आक्रमण गर्दा घटनास्थलमै मृत्यु भएको प्रहरीले जानकारी दिएको छ। गैंडाको आक्रमणबाट छविलालसँगै गएका ५० वर्षीय हेमराज महतो, ६८ वर्षीय कृष्ण महतो र ४५ वर्षीय राजु बोटे सामान्य घाइते भएका थिए। घाइते कृष्ण र हेमराजलाई उपचारका लागि पुरानो मेडिकल कलेज भरतपुर लगिएको छ।

# मागेर हिँड्ने पुरुषको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवनको भरतपुर महानगर पालिका-३, पुलचोकमा बिरामी अवस्थामा फेला परेका पुरुषको मृत्यु भएको छ। मंगलबार दिउँसो नामथर वतन नखुलेको अन्दाजी ६० वर्षीय पुरुष बिरामी अवस्थामा फेला परेका थिए।

पुरुषलाई उपचारका लागि भरतपुर अस्पताल लगिएकोमा साँझ डाक्टरले मृत घोषणा गरेका थिए। अनुसन्धानको क्रममा पुरुष ३ दिन अगाडिदेखि पुलचोकमा मागेर हिँड्ने गरेको पाइएको प्रहरीले जानकारी दिएको छ।

# इस्टु स्थापना दिवसमा दीप प्रज्ज्वलन

समाज संवाददाता

हेटौंडाः संस्थागत विद्यालय शिक्षक युनियन (इस्टु) को स्थापना दिवसको अवसरमा दीप प्रज्ज्वलन गरिएको छ। मंगलबार हेटौंडाको बुद्धचोकमा इस्टु हेटौंडा उपमहानगर कमिटीको आयोजना तथा जिल्ला कमिटीको संयोजनमा दीप प्रज्ज्वलन गरिएको हो।

इस्टुको २२ औं स्थापना दिवसको अवसरमा दिप प्रज्ज्वलन गरिएको नगर कमिटी अध्यक्ष नवीन मिश्रले जानकारी दिनुभएको छ। संस्थाले संस्थागत विद्यालयमा काम गरेका शिक्षकको हकहितका लागि सहयोग गर्ने उहाँले बताउनुभयो। इस्टु नगर कमिटी अध्यक्ष मिश्रको सभाध्यक्ष तथा बागमती प्रदेश अध्यक्ष सुदीप बर्तौलाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो। कार्यक्रममा जिल्ला अध्यक्ष रामशरण रिजालको विशिष्ट आतिथ्य रहेको थियो।










समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ